# लोपोन्मुख लघुकर्ण खरायो संरक्षणमा हातेमालो गरौं

## Let’s Take a Step to Conserve Hispid Hare

### संरक्षणका लागि के गर्ने ??

१) संरक्षणको सुचिमा राखिएको लघुकर्ण खरायोलाई मध्यनजर गरि कार्यनिति बनाउने र  कार्यान्वयन गर्नुपर्ने ।

२) यिनिहरुको बासस्थान संरक्षण गर्ने ।

३) आम जनमानसमा लघुकर्ण खरायो सम्बन्धि जनचेतना जागृत गराउने ।

३) यस खरायो सम्बन्धि अध्ययन अनुसन्धानलाई अझ बढि प्रभावकारी बनाउने ।

### संरक्षण किन गर्ने ??

१) संकटापन्न  सुचिमा रहेको पूड्के खरायो लोप हुनबाट बचाउन ।

२) जैविक विविधताको संरक्षण गर्न ।

३) पारिस्थितिक पघतिलाइ सन्तुलित राख्न ।



The Rufford Foundation

www.rufford.org @ruffordgrants

SMCRF



# Save Hispid Hare




*Endangered!! We still have time, Extinction!! it's forever*

Department of National Parks & Wildlife Conservation · Nepal
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
The Rufford Foundation
www.rufford.org @ruffordgrants
SMCRF

## संकटमा किन छन् त ?

१) उपयुक्त बासस्थानको विनाश ।

२) घाँसे मैदान व्यवस्थापनका लागि  आगलागी ।

३) कृषिमा अव्यवस्थित विषादीको प्रयोग ।

४) उपयुक्त कार्ययोजनाको कमी ।

## संरक्षण किन गर्ने ?

१) संकटापन्न  सुचिमा रहेको पूड्के खरायो लोप हुनबाट बचाउन ।

२) जैविक विविधताको संरक्षण गर्न ।

३) पारिस्थितिक पद्धतिलाइ सन्तुलित राख्न ।

## संरक्षणका लागि के गर्ने ?

१) संरक्षणको सुचिमा राखिएको लघुकर्ण खरायोलाई मध्यनजर गरि कार्यनिति बनाउने र  कार्यान्वयन गर्नुपर्ने ।

२) यिनीहरुको बासस्थान संरक्षण गर्ने ।

३) आम जनमानसमा लघुकर्ण खरायो सम्बन्धि जनचेतना जागृत गराउने ।

४) यस खरायो सम्बन्धि अध्ययन अनुसन्धानलाई अझ बढि प्रभावकारी बनाउने ।


**थप जानकारीको लागी**

साना स्तनधारी प्राणी संरक्षण तथा अनुसन्धान फाउन्डेशन

काठमाण्डौं, नेपाल

पोष्ट बक्स नं. ९०९२

इमेलः info@smcrf.org, smcrfnepal@gmail.com

Pratichhya Shrestha  Phone: 9847044720

Email: sthpratichhya@gmail.com

वेभसाइटः www.smcrf.org


# लोपोन्मुख लघुकर्ण खरायो संरक्षणमा हातेमालो गरौं ।



Photo credit: Bed Bahadur Khadka

**Lets take a step for the conservation of Hispid Hare**

Concept and Design: Bishnu Achhami

## परिचय

दक्षिण एसियाका केहि स्थानहरुमा मात्र पाइने लघुकर्ण खरायो एउटा लोपोन्मुख खरायो प्रजाती हो । आकार, प्रकार, रुपमा अन्य खरायो भन्दा भिन्न प्रकारको भएकाले यो खरायोलाई सजिलैसँग पहिचान गर्न सकिन्छ । लघुकर्ण खरायो Family- Leporidae र Order- Lagomorpha मा पर्ने साना स्तनधारी जनावर हो । प्रायः देख्न नसकिने अल्पसंख्यक यो खरायोलाई नेपालको संरक्षित वन्यजन्तुको सुचिमा समेत राखिएको छ । यसको आकार अन्य खरायो भन्दा निकै सानो हुने भएकाले यसलाई पूड्के खरायो पनि भनिन्छ । पूड्के खरायोलाई अडग्रेजीमा Hispid Hare भनिन्छ भने वैज्ञानिक नाम *Caprolagus hispidus* Pearson, 1839 हो ।

## शारीरिक संरचना

लघुकर्ण खरायोको शरीरको लम्बाई ४०-५० सेन्टीमिटर हुन्छ भने तौल २ देखि २.५ किलो ग्राम सम्म हुन्छ । यसको कान र पुच्छर अन्य खरायो भन्दा निकै सानो हुने गर्छ । यसको कान करिब ५-६ से.मी लामो हुन्छ भने पुच्छर करिब २-३ सेन्टीमिटर लामो हुन्छ ।

यसको शरिरको माथिल्लो भाग गाढा खैरो रङ्गको रौले ढाकेको हुन्छ भने तल्लो छाती र घाँटितिरको रौं खरानी रङ्गको हुन्छ । पेटतिरको भाग भने सेतो रौंले ढाकिएको हुन्छ । पुच्छरको रौंहरु पनि खैरा हुन्छन् । अन्य खरायोको तुलनामा यो खरायोको थुतुनो भुत्ते अथवा बूच्चो हुन्छ । यसलाई आकारकै आधारमा किसानहरुले ठूलो मूसा पनि भन्ने गरेका छन् ।

## आहारा

लघुकर्ण खरायोले घाँसको कलिला टुसा, गुलियो घाँस प्रजातिका जराहरु खान मन पराउँछ । यसले खर, ढड्डीका जरा र कलिला मुना खाएको देखिन्छ ।

## बासस्थान र वितरण

लघुकर्ण खरायो अन्य खरायो भन्दा सानो क्षेत्रमा रहन्छ । यसको बासस्थान प्रायः उष्ण घाँसे मैदान, घाँसे ढड्डी भएका ओसिला नदी किनारका फाँटहरु र निकुञ्जहरु हुन् । यस खरायोलाई नेपाल लगायत भारत, भुटान र बगंलादेशबाट रेकर्ड गरिएको छ । नेपालमा लघुकर्ण खरायो शुक्ला फाँटा राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज र चितवन राष्ट्रिय निकुञ्जमा पाइने तथ्य अध्ययन अनुसन्धानले बताएको छ ।

## स्वभाव

पुड्के खरायो बिहान र साँझ सबैभन्दा बढि सक्रिय हुन्छ । यो खर, ढड्डी मिलाएर ओछ्यान बनाई बस्दछ तर यसले दुलो खन्दैन । अन्य खरायो जस्तो हूलमा नबसी जोडामा बस्छ । यो खरायो धेरै दौडन सक्तैन र दुलो पनि बनाउँदैन र खतरा आइपर्दा वा समात्दा मसिनो *च्याँक* आवाज निकाल्छ । यिनीहरुको औसत् आयु १० देखि १२ वर्ष रहेको पाइन्छ ।

## प्रजनन

यिनीहरु प्रायः जाडो याममा प्रजनन कार्यमा सक्रिय देखिन्छन् । यिनीहरु करिब ३५ देखि ४५ दिन गर्भावस्थामा रही १ देखि २ वटासम्म बच्चा जन्माउँछन् ।